"प्रविधी युक्त सम्पूर्ण वित्तीय सेवासहितको समुदायमा आधारित सक्षम दिगा साकोस"

नेफस्कून

सक्षम, दिगो साकोस

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

# Sagun Saving & Credit Cooperative Society Ltd.

३० औं Annual General Meeting

# वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन २०८२/०८३
## Annual Report 2025/2026

केन्द्रीय कार्यालय
ठाकुरबाबा न.पा.-५ शाहीपुर बर्दिया

डि.स.का. दर्ता नं. ४/३४(७)०५३/०५४
नेफस्कून दर्ता नं. ३२४
प्यान : ३०३२९५८००

सक्षम, दिगो साकोस
सगुन बचत तथा ऋण सहकारी संस्था लि.
Sagun Saving & Credit Cooperative Society Ltd.

श्री शेयर धनी सदस्य ज्यूहरु, मिति:२०८३।५।५

विषय : वार्षिक साधारण सभामा अनिवार्य उपस्थिति सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस सगुन बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८३ साउन २५ गते बसेको सञ्चालक समिति बैठकको निर्णय नं.४ अनुसार यस संस्थाको ३०औं वार्षिक साधारण सभा तपसिलको मिति, समय र स्थानमा आयोजना हुने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**साधारण सभामा छलफल गरिने प्रस्तावहरु :**

१. गणपुरक संख्याको सुनिश्चितता सम्बन्धमा।
२. आ.ब.२०८२/०८३ को वार्षिक प्रगति प्रतिबेदन र आ.ब. २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा।
३. आ.ब. २०८२/०८३ को आर्थिक प्रगति प्रतिबेदन र आ.ब. २०८३/०८४ को प्रस्तावित आर्थिक योजना तथा बजेट सम्बन्धमा।
४. लेखा सुपरिबेक्षण समितिको प्रतिबेदन सम्बन्धमा।
५. आ.ब. २०८२/०८३ को बाह्य लेखा परिक्षण प्रतिबेदन सम्बन्धमा।
६. आ.ब. २०८३/०८४ को लागि बाह्य लेखा परिक्षक नियुक्ती र पारिश्रमिक निर्धारण सम्बन्धमा।
७. आ.ब. २०८२/०८३ को शेयर लाभांश वितरण सम्बन्धमा।
८. आ.ब. २०८२/०८३ को संरक्षित पूँजी फिर्ताकोष वितरण सम्बन्धमा।
९. संस्थाको विनियम संशोधन सम्बन्धमा।
१०. संस्थाको आन्तरिक नीति, कार्यविधी परिमार्जन तथा पुनरलेखन सम्बन्धमा।
११. आ.ब. २०८२/०८३ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा।
१२. संस्था एकीकरण सम्बन्धमा।
१३. साधारण सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधी छनौट सम्बन्धमा।
१४. नेफस्कून, राष्ट्रिय सहकारी बैंक लि., जिल्ला सहकारी संघ र जिल्ला बचत संघका लागि प्रतिनिधी छनौट सम्बन्धमा।
१५. विविध

......................
सचिव

email:sagunsaccos@gmail.com
केन्द्रीय कार्यालय
ठाकुरबाबा न.पा.-५ शाहीपुर बर्दिया
फोन नं. ९८१६५७८८९६, ९८१२४२९३५१, ९८४८०५७७३३

## पहिलो चरण : इकाई साधारण सभा

| क्र.स. | साधारण सभा हुने स्थान | सहभागिता क्षेत्र | मिति र समय |
|---|---|---|---|
| १. | श्री युवक मा.वि., बारबर्दिया-२, जोगिगाउँ | बानियाभार सेवा केन्द्र अन्तर्गत बारबर्दिया २ को जोगिगाउँ लट्ठहवा, बेपत्तापुर र वडा नं. ३ का शेयर सदस्यहरु | २०८३ भाद्र २७ गते विहान १० बजे |
| २. | श्री नेपाल राष्ट्रिय नमूना मा.वि. मधुवन-४, ढोढरी | उमंग सेवा केन्द्र अन्तर्गतका सम्पूर्ण शेयर सदस्य | २०८३भाद्र २७ गते विहान १० बजे |
| ३. | श्री मञ्जुश्री शिशु वाटिका मा.वि. मधुवन-२, बंगालीपुर | सुर्यपटुवा सेवा केन्द्र अन्तर्गतका सम्पूर्ण शेयर सदस्य | २०८३भाद्र २७ गते विहान १० बजे |
| ४. | किसान मा.वि. मुक्त कमैया सेक्टर तकिया | ठाकुरबाबा-५, तकिया, गोविन्दपुर र वडा नं. ३,४का शेयर सदस्य | २०८३ भाद्र २६ गते विहान १० बजे |
| ५. | चन्दक चटिया सा.ब.उ.स. सभाहल, शाहीपुर | ठाकुरबाबा-५, ढुंग्रहवा, खुनपुर, शाहीपुर, बनविरपुर, बनकट्टीका शेयर सदस्य | २०८३ भाद्र २६ गते विहान १० बजे |
| ६. | नारायणपुर सामुदायिक हल, बारबर्दिया-२,नारायणपुर | बारबर्दिया-२, को कुमरागाउँ, ढुंग्रही, गौरीपारा, नारायणपुर, पँचघरुवा, कुसुमडाँडा सबै र वडा नं. १ का पुरै शेयर सदस्यहरु | २०८३भाद्र २७ गते विहान १० बजे |
| ७. | माँ दुर्गा सामुदायिक सिकाई केन्द्र, मगरागाडी, जयनगर | मगरागाडी क्षेत्र अन्तर्गतका वडा नं.४ देखि ११ का शेयर सदस्यहरु | २०८३भाद्र २६ गते विहान १० बजे |
| ८. | खेल मैदान, बकुवा | ठाकुरबाबा-१,२,६,७,८ क्षेत्रका शेयर सदस्यहरु | २०८३भाद्र २६ गते विहान १० बजे |
| **दोस्रो चरण : निर्णय प्रमाणित सभा** | | | |
| श्री नेपाल राष्ट्रिय नमूना मा.वि. मधुवन-४, ढोढरी | | ठाकुरबाबा, मधुवन र बारबर्दिया न.पा.का प्रतिनिधी शेयर सदस्यहरु | २०८३ असोज ३ गते विहान ११ बजे |

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

ठाकुरबाबा न.पा.-५ शाहीपुर, बर्दिया

## वार्षिक प्रतिवेदन

२०८२/०८३

## कार्यक्रम तथा बजेट निर्माण

सञ्चालक समिति
व्यवस्थापन

## प्रतिवेदकहरू

सञ्चालक अध्यक्ष
लेखा समिति संयोजक
सञ्चालक सचिव
कोषाध्यक्ष
बाह्य लेखा परिक्षक

## सम्पादन

विनोद कुमार थारु
(सूचना अधिकारी)

## कम्प्युटर/डिजाइन/मुद्रण

नारायण अधिकारी
स्वर्गद्वारी प्रिन्टर्स
भुरीगाउँ, बर्दिया मो.नं. ९८४७९९२०९९, ०८४-५९०४१४



श्री काली चरण थारू
अध्यक्ष

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.
# ठाकुरबाबा-५, शाहीपुर, बर्दिया
# अध्यक्षको भाव

यस गरिमामय ३०औं वार्षिक साधारण सभामा भाग लिनु हुने सम्पूर्ण शेयर धनी सदस्य(मालिक) ज्यू, हामी पुनः आ.ब. २०८२/०८३ को संस्थागत वार्षिक प्रतिबेदनका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम र बजेट बारे बृहत रुपमा छलफल गरी निश्चित निर्णयमा पुग्ने उद्देश्यका साथ उपस्थित भएका छौं । यस क्रममा संस्थाका वित्तिय क्षेत्रमा आर्थिक सहभागिता जनाई संस्था प्रति योगदान पुऱ्याउनुहुने सम्पूर्ण मालिक ज्यूहरुप्रति हार्दिक कृतज्ञताका साथ स्मरण गर्न चाहन्छु ।

समाज र समुदाय विकासको क्रममा विभिन्न समय र काल खण्डमा विभिन्न किसिमका चुनौतीहरु संग सामना गर्दै मानव जीवनको आर्थिक स्तरमा बृद्धि विकास पहिलो प्राथमिकतामा पर्दछ। यसर्थ, निश्चित काल खण्डमा समाज, समुदाय र राष्ट्रलाई मुख्य रुपमा आर्थिक योगदान पुऱ्याउदै आएका छौं। यो ऐतिहासिक कार्य हो। सहकारी अभियानलाई पृथक बनाउनका लागि यसका मुल्य, मान्यता, सिद्धान्त र दर्शनको आधारमा सदस्यहरुको आर्थिक समृद्धिका लागि सशक्त अभियानको रुपमा भूमिका निर्वाह भैरहेको छ। समय परिवर्तन संगै सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ को आधारमा सहकारी नियमन प्राधिकरण जारी २०८२ को आधारमा यस साकोस ले मिति २०८२ चैत्र २८ गते संस्था सञ्चालनका लागि इजाजत पत्र प्राप्त गरेको छ। साथै कर्जा सूचना केन्द्रमा दर्ता भई दर्ता प्रमाण पत्र प्राप्त गरी छाता संगठन नेफ्स्कूनद्वारा सञ्चालित कर्बस कार्यक्रममा नियमित रुपमा आ.ब.२०७५/०७६ देखि २०८१/०८२ सम्म आबद्धता जनाएका छौं भने हाल नेफ्स्कूनद्वारा सञ्चालित कार्यक्रम आधारशिला, कर्बस, प्रोबेशन र एक्सेसलाई समायोजना गरी Curima 360' अर्थात SCAN (Supervisory checks & Analysis for Navigation) नियमित निरिक्षण तथा अनुगमन कार्यक्रममा आ.ब.२०८२/०८३ देखि आवद्ध भई

निरन्तर रुपमा सहभागिता जनाउदै आएका छौं ।

सहकारी एक सदस्य-सदस्य बीचको साझा व्यवसाय हो यसै मान्यताका साथ यस सगुन साकोस स्थापना २०५३ चैत्र २४ गते २९जना सदस्यहरुबाट स्थापना गरी शुरुवात भएकोमा हाल ८,२५५ जना शेयरधनी मालिक रहेका छौं भने कुल बचत रु.२३,३२,४४,३८९।७१, कुल लगानीमा रहेको पूँजी रकम रु.१७,४६,०४,८९०।०० र कुल सम्पत्ति रु.२९,३५,७७,९८७।०० हुन पुगेको छ भने यसको स्वरुप तीन पालिका पुरै वार्ड जुन ठाकुरबाबा, मधुवन, बारबर्दिया नगरपालिका हुन । कार्यक्षेत्र विस्तारले गर्दा जारी भएको अध्यादेश र नियमनकारी निकायको निर्देशनले गर्दा ठूलो चुनौतीहरु संग सामना गर्दै व्यवस्थापकीय र सञ्चालकीय पक्षको क्षमता अभिबृद्धिमा नितान्त आवश्यकता देखिएको छ ।

सहकारी एक प्राविधिक विषय हो । नीति, विधी र प्रविधि संस्था सञ्चालनका औजार हुन जसलाई निरन्तर नविकरणको प्रकृयाबाट नविकृत गर्दै जानु पर्छ । अन्तमा इकाई साधारण सभा वा माइनुट प्रमाणित सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर धनी मालिक ज्यूहरुप्रति मेरो व्यक्तिगत तथा संस्थागत तर्फबाट हार्दिक कृतज्ञताका साथ शुभकामना व्यक्त गर्दछु । धन्यबाद ।

जय सगुन । जय सहकारी ।।



# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

ठाकुरबाबा-५, शाहीपुर, बर्दिया

## २०८२।०८३ को प्रगती प्रतिवेदन, २०८३।०८४ को प्रस्तावित नीति तथा कार्यक्रम



श्री रामकुमार चौधरी
सचिव

आदरणिय यस सगुन बचत तथा ऋण सहकारी संस्था लि.द्वारा सञ्चालित ३०औ. वार्षिक साधारण सभाको बन्द सत्रका सभापति ज्यू, सञ्चालक समिति, लेखा तथा सुपरिबेक्षण समिति, सम्पूर्ण शेयरधनी सदस्य ज्यूहरु, सम्पूर्ण उपसमितिका संयोजक तथा सदस्य ज्यूहरुका साथै यस संस्थाका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

नेपाल एउटा कृषिमा आश्रित देश अर्थात कृषि प्रधान देश भएकोले अवश्य पनि यहाँका जनताहरु कृषिमा निर्भर छन् तर अर्थ तन्त्र कमजोर भएकाले हरेक क्षेत्रमा नेपाल सरकारले लगानी गर्न नसकेकोले कमजोर देखिन्छ। नेपालको अर्थतन्त्र मजबुत बनाउनको लागि विभिन्न क्षेत्रमा सरकारले मजबुत रणनीति अपनाएर यथेष्ट लगानी गर्नुपर्ने देखिन्छ । जस्तै कृषि, पर्यटन, उद्योग, जलविद्युत, सेवा, बैदेशिक रोजगार, सहकारी क्षेत्र आदी । हरेक देशको अर्थतन्त्र मजबुत नहुँदा सम्म त्यो देश अगाडी बन्द कठिन हुन्छ। त्यस कारण नेपालले पनि जेनजी (Zen-G) आन्दोलन पछि दुई तिहाइ नजिकैको सरकार पाएको छ । हरेक क्षेत्रमा दिर्घकालिन योजना बनाएर अगाडी बढ्न आवश्यक छ। कृषि, पर्यटन र सहकारी क्षेत्रमा अझ बढी नजर पुऱ्याउनु पर्ने देखिन्छ। सहकारी भनेको देशको तीन खम्बे अर्थनीति मध्ये एक हो । जो की सहरी तथा ग्रामिण भेगमा सहकारी नभई जनताको जनजिवन चलाउन निकै कठिन छ। सहकारीले जनताको जन्म देखि मृत्यू सम्म हरेक पाइलामा साथ दिइएको हुन्छ। यसमा आर्थिक कारोबार गर्दा जनतालाई सुलभ र सहज पनि हुन्छ। किनकी, सदस्यले आफ्नै पैसा जम्मा गरेर बनाएको संस्थाको माया पनि हुन्छ।

विश्व तथा नेपालको बदलिदो परिबेश संगै अहिले नेपालको अर्थतन्त्र र

सहकारीमा पनि विभिन्न किसिमका चुनौतीहरु पनि देखिन्छ। सहकारीको सबै भन्दा ठूलो समस्या भनेको खरब कर्जा बध्नु नै सबै भन्दा ठूलो चुनौती हो जस्तो मलाई लाग्छ। किनकी कोभिड १९ पछि विश्व नै आर्थिक मन्दी छाएपछि नेपाल जस्तो गरिब मुलुकमा अहिले सम्म त्यसले प्रत्यक्ष असर पारेको छ। जनता संग भएका साना तथा मझौला उद्योगहरु सबै तंटपल्टेका छन् । जनताले ऋण लिएर तिर्न सकेका छैनन् । किनकी, उनीहरु संग घर जग्गा बेच्नु बाहेक कुनै उपाय छैन र अर्को ठूलो समस्या भनेको तरलता बढ्नु हो । जति पनि कारोबार गर्ने उद्योगी तथा व्यवसायहरु छन् ऋणमा चुर्लुम्म डुबेका छन्। अर्को ऋण लिने कुनै उपाय नै छैन। त्यस कारण अहिले बैंक तथा सहकारीहरुसंग तरलता ठूलो समस्या भोगि रहेका छन् । यसमा सहकारी तथा वित्तिय कारोबार गर्ने संघ संस्थाहरु लचिलो रणनीति बनाएर जान आवश्यक छ । त्यस्तै ऋण सुरक्षण कोष पनि सहकारीको अर्को ठूलो समस्या हो । किनकी एकातर्फ सरकारले जोखिम बहन गर्न नसके त्यो सहकारी खारेज गरिदिन्छु भनिराको अवस्था छ। अर्को माथि मैले उल्लेख गरेका समस्याहरु। त्यसकारण नेपाल सरकारले यसमा पनि ध्यान पुऱ्याउनु पर्छ भन्ने मलाई लागि राछ । त्यस्तै अहिले सहकारीमा डिजिटल कारोबार संग संगै साइबर क्राइम पनि बढ्दो अवस्थामा भएकोले त्यसमा पनि सहकारीहरु सचेत हुन आवश्यक छ । अर्को सहकारीको ठुलो चुनौती भनेको सञ्चालकहरुको सहकारी सम्बन्धि ज्ञान र चेतनाको कमीले गर्दा पनि सहकारी उभो लाग्न नसकेको जस्तो पनि लाग्छ । त्यसै गरी अबको सरकारले सहकारीहरुलाई अप्ठ्यारो पर्ने गरी नभएर उनीहरु संग सापेक्षिक ऐन बनाएर उचित अनुगमन गऱ्यो भने सहकारी देशको तीन खम्बे अर्थनीति मध्ये एक सशक्त खम्बाको रुपमा उभिन सक्छ भन्नेमा विश्वास दिलाउन चाहन्छु।

आदरणिय शेयरधनी सदस्य ज्यूहरु अब मा यस बन्द सत्र कार्यक्रममा आ.ब. ०८२/०८३ को सम्पन्न कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**आ.ब. २०८२/०८३ को प्रगति विवरण :**

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड तथा निर्देशिका २०८२, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र सो सम्बन्धी सहकारी विभागले सहकारीहरुलाई जारी गरेको निर्देशिका तथा अध्यादेश २०८२, संस्था सञ्चालन गर्न बनेको पुनर्लिखित विनियम २०७७ तथा संस्थागत नीतिहरुको अधिनमा रही प्रचलित नेपाल कानुनले दिएको क्षेत्रमा रही संस्थाले आ.व.२०८२/०८३ मा देहाएका कार्यक्रमहरु सम्पन्न गरेको छ।

## २.२. आ.व. २०८२/०८३ को लक्ष्य र प्रगतिको विवरण:

| क्र.स. | आ.व २०८२/०८३ को प्रस्तावित कार्यक्रम | प्रस्तावित कार्यक्रमको लक्ष्य | कार्यान्वयनको अवस्था वा प्रगति विवरण |
|---|---|---|---|
| १. | **संस्थागत विकास योजना** | | |
| क. | सदस्यता बृद्धि | ९७५ | २२८ |
| ख. | **भौतिक पूर्वाधार तथा कार्यालय व्यवस्थापन** | | |
| १. | सी.सी. क्यामरा जडान | २ वटा | बकुवा-१, र मगरागाडी-१ वटा जडान गरिएको |
| २. | केन्द्रीय कार्यालयमा सुरक्षा विट निर्माण | १ वटा | सुरक्षा कर्मीको लागि सयन कक्षको व्यवस्थापन |
| ३. | ल्यापटप/प्रिन्टर खरिद | ४/२ थान | ल्यापटपको सत्ता ४ थान डेस्कटप र ३ थान प्रिन्टर खरिद |
| ४. | फायर प्रुफ र्‍याक खरिद | ४ थान | कोटेशन नपरेकोले |
| ५. | क्यामरा खरिद | १ थान | बजार मुल्य बुझ्दा लागत बढी पर्ने भएकोले |
| ६. | पानी शुद्धिकरण मेसिन (चिसो/तातो) | १ थान | कोटेशन नपरेकोले |
| ७. | चुलो, ग्यास सिलिन्डर, किचन सेट | १ थान | केन्द्रीय कार्यालयमा खरिद |
| ८. | सिम/सेट खरिद | ८/४ थान | खरिद भई कार्यान्वयनमा ल्याइएको |
| ९. | इन्भर्टर ब्याट्री खरिद | २ थान | मर्मत गरी १ वर्ष सम्म चल्ने भएकोले |
| ग. | **सूचना प्रविधीको विकास :** | | |
| १. | रेमिटान्स, वालेट व्यवस्थापन | पौष मसान्त | आई.एम.ई वालेटलाई खल्टी वालेटमा रुपान्तरण गरिएको |
| २. | मोबाइल बैकिङ्ग सेवा | पौष मसान्त | निशुल्क डिजिटल पासबुकको रुपमा कार्यान्वयनमा ल्याइएको |
| ३. | क्यू.आर. सेवा | चैत्र मसान्त | प्रक्रियामा रहेको (on going process) |
| ४. | Bank to Coop/Coop to Bank Service | चैत्र मसान्त | प्रक्रियामा रहेको (on going process) |

| | | | |
|---|---|---|---|
| ५. | फेसबुक पेज, वेवसाइड, यूट्यूव च्यानल | निरन्तर | निरन्तर ए आईमार्फत श्रब्यदृष्य सामाग्री प्रशारण |
| २. | **सदस्य र संस्थाको वित्तिय क्षमता विकास योजना :** | | |
| क. | शेयर पूँजी बृद्धि | ३१।२०% | १७,२५,६००।०० |
| ख. | संस्थागत पूँजी बृद्धि | ४४।९३% | ५,७५,३१७।०० |
| ग. | बचत बृद्धि | २४% | २,४३,८०,४१४।२४ |
| घ. | ऋण लगानीमा बृद्धि | ५९।६४% | १,२०,८१,८९७।५१ |
| ङ. | भाखा नाघेको ऋण असुली | गत आ.व. २०८१/०८२ मा भाखा नाघेको ऋण २८.०९% रहेकोमा असुली गरी ५% मा झार्ने योजना रहेकोमा ४.८४% घटाएर यस आ.व. २०८२/०८३ मा २३.२५% मा कायम गर्न सकिएको छ। | |
| च. | वित्तिय लगानी | आ.व. २०८१/०८२ मा वित्तीय लगानी कुल सम्पत्तिको ८.४५% रहेकोमा अहिले आ.व. २०८२/०८३ को अन्त्यमा ७.६० % रहेको छ। | |
| छ. | कुल सम्पत्ति बृद्धि | २५% | ३,१३,४३,७९१।०० |
| ज. | उद्यमशिलता तथा शिप विकास तालिम | उल्लेखित विषयमा संस्था स्वयम वा सम्बन्धित निकाय सँग समन्वय र सहकार्य गरी सदस्यहरुलाई विभिन्न किसिमका उद्यमशिल तथा शिप मुलक तालिमको अवसर प्रदान गर्ने। | प्रशिक्षकको व्यवस्था भई तालिम सहभागिताको लागि सूचना आह्वान भएको तर सदस्यको आबेदन नपरेको |
| ३. | **संस्था सञ्चालन क्षमता विकास योजना** | | |
| क. | सञ्चालक तथा कर्मचारी क्षमत विकास कार्यक्रम(पदाधिकारी क्षमता विकास) | | |

| | | | |
|---|---|---|---|
| १. | सञ्चालकहरुको क्षमता अभिबृद्धि तालिम ४ दिने | १ पटक | मंसिर २६ देखि २७ गोविन्दपुर |
| २. | लेखा सुपरिबेक्षण समितिको क्षमता अभिबृद्धि तालिम २ दिने | १ पटक | मंसिर २६ देखि २७ गोविन्दपुर |
| ३. | ऋण उपसमितिको क्षमता विकास तालिम | १ पटक | मंसिर २६ देखि २७ गोविन्दपुर |
| ४. | अन्य समसामहिक गोष्ठी तथा तालिमहरु | १ पटक | नेफ्स्कून तथा राष्ट्रिय सहकारी बैंकको गोष्ठी तथा कार्यक्रमहरुमा सहभागि भएको |
| ५. | ब्राण्डेड सहकारी संस्था अवलोकन कार्यक्रम | १ पटक | समय अनुकुल नभएको |
| ६. | राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा सम्मेलन | १ पटक | नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, स्थिरीकरण कोष परामर्श बैठक, जिल्ला सहकारी संघको साधारण सभामा, साकोस शिखर गोष्ठी सहभागि भएको |
| | **कर्मचारीहरुको क्षमता विकास कार्यक्रम** | | |
| १. | व्यवसाय निरन्तरता योजना तालिम | १ पटक | नेफ्स्कुनको स्क्यान कार्यक्रम अन्तर्गत धनगढी र भूरिगाउँमा क्यूरिमा ३६० कार्यक्रममा सहभागि |
| २. | ऋण व्यवस्थापन तालिम | १ पटक | राष्ट्रिय सहकारी बैंक र नेफ्स्कूनको तालिम राजापुर र नेपालगंजमा |
| ३. | बजार प्रतिनिधीहरुको क्षमता अभिबृद्धि तालिम | १ पटक | कर्मचारी मासिक बैठक अन्तर्गत निरन्तर छलफल भैरहेको |
| ४. | सम्पत्ति शुद्धिकरण निवारण तालिम | १ पटक | कार्यविधीअनुसार कार्यान्वयन अधिकारी पुनः नियुक्त गरिएको |
| ५. | सेवा केन्द्र व्यवस्थापन तालिम | १ पटक | आ.ले.प. तालिम बुटवलमा |
| ६. | जनसम्पर्क तथा बजारीकरण शीप तालिम | १ पटक | छाता संघबाट आयोजना नभएको र साकोसले आयोजना गर्न नसकेको |

| | | | |
|---|---|---|---|
| ७. | अग्रभागमा रहेको कर्मचारीहरुको क्षमता विकास तालिम | १ पटक | छाता संघ बाट आयोजना नभएको र साकोसले आयोजना गर्न नसकेको |
| ८. | कर योजना तालिम | १ पटक | नेफ्स्कूनको आयोजनामा NFRS तालिम बुटवलमा |
| ९. | लेखामान तालिम | १ पटक | नेफ्स्कूनको आयोजनामा NFRS तालिम बुटवलमा |
| ख. | कर्मचारी दरबन्दी सृजना | लेखा सहायक अ. १<br>स्वयम सेवक १<br>कार्यालय सहयोगी १ | लेखा सहायक अधिकृत १ जना र कार्यालय सहयोगी १ जना नियुक्त भएको साथै आन्तरिक प्रतिष्पर्धा मार्फत १ जना केन्द्र प्रमुख र ४ जना वरिष्ठ सहायक नियुक्त गरिएको |
| ग. | **सञ्चालक र कर्मचारीहरुको बैठक तथा अन्तरक्रिया** | | |
| १. | सञ्चालक समिति | आवश्कता अनुसार | २२ पटक |
| २. | लेखा समिति | ४ पटक | ४ पटक |
| ३. | पदाधिकारी बैठक | आवश्यकता अनुसार | १६ पटक |
| ४. | ऋण उपसमिति | आवश्यकता अनुसार | १८ पटक |
| ५. | सेवा केन्द्र व्यवस्थापन उपसमिति बैठक | आवश्यकता अनुसार | ठाकुरबाबा सेवा क्षेत्र - ४ पटक<br>बानियाभार सेवा केन्द्र - ८ पटक<br>उमंग सेवा केन्द्र - ५ पटक<br>सुर्यपटुवा सेवा केन्द्र - ६ पटक |
| ६. | शिक्षा उपसमिति | ४ पटक | १ पटक |
| ७. | स्वाबलम्वन विकास उपसमिति | ४ पटक | |
| ८. | केन्द्रीय साधारण सभा | १ पटक | २०८२ कार्तिक १५ गते |

| | | | |
|---|---|---|---|
| ९. | स्थानिय साधारण सभा | ८ स्थानमा | २०८२ कार्तिक १० गते |
| १०. | कर्मचारी बैठक | १२ पटक | ८ पटक |
| ११. | समिक्षा बैठक | ४ पटक | २ पटक |
| घ | **विस्तारित मञ्चको बैठक अन्तरक्रिया** | | |
| १. | विस्तारित मञ्च बैठक | ४ पटक | २ पटक |
| ङ. | **अन्तर सहकारी अवलोकन कार्यक्रम** | | |
| १. | अन्तर जिल्ला | माघ-फाल्गुन | समय, परिस्थिति अनुकुल नभएको |
| २. | बाह्य जिल्ला | माघ-फाल्गुन | समय, परिस्थिति अनुकुल नभएको |
| ३. | सहकारी प्रोत्साहन प्रबर्द्धन सहभागिता | आवश्यकता अनुसार | नेफ्स्कुनद्धारा सञ्चालित क्यूरिमा ३६० कार्यक्रममा सहभागि |
| च. | **कर्मचारी बीमा तथा बृत्तिविकास कार्यक्रम** | | |
| १. | कर्मचारी दुर्घटना बीमा कार्यक्रम | सबै कर्मचारी | जनही रु.७ लाख बराबर सानिमा जनरल इन्स्योरेन्स कम्पनीमा बीमा |
| २. | संचयकोषको सदुपयोग | सबै कर्मचारी | जमा गरेको १० वर्ष पुरा भएपछि सञ्चालक समितिको निर्णयअनुसार निष्काशन गर्न पाउने |
| ३. | पोषाक खर्च | हरेक वर्ष सबै कर्मचारी | निर्णय अनुसार जनही रु.५५००/- बराबरको पोषाक खर्च वितरण |
| ४. | सञ्चार खर्च | हरके महिना | अध्यक्ष, लेखा संयोजक, सूचना विभाग, सेवा केन्द्र कार्यालयहरुमा रु.३०० बराबर |
| ४. | **सदस्य सेवा तथा सुरक्षा विकास योजना** | | |
| क. | सदस्य बीमा कार्यक्रम | | |
| १. | सदस्य दुर्घटना बीमा कार्यक्रम | हरेक महिना | असार मसान्त सम्म ८१५४जनाको रु.२ लाख बराबर सानिमा जनरल इन्स्योरेन्समा बीमा |

| | | | |
|---|---|---|---|
| २. | ऋण बीमा | ५ हजार देखि माथि सबै सदस्य | असार मसान्त सम्म १५०० जनाको रु.१०,१६,७८२।२४ बराबरको प्रिमियम भुक्तानी गरी आई एम.ई लाइफ इन्स्योरेन्समा बीमा |
| ३. | कृषि तथा पशु बीमा | ऋण लगानी समय | बीमा कम्पनीसंग सहकार्य हुन नसकेको |
| ४. | सन्तति राहत कार्यक्रम | स्वर्गारोहण पश्चात | असार मसान्त सम्म२९जनालाई रु.४२९०००/-को वितरण |
| ख. | **विप्रेषण कार्यक्रम** | | |
| १. | रेमिट सेवा | निरन्तर | साकोसको केन्द्रीय कार्यालय लगायत सबै सेवा केन्द्र बाट नियमित रेमिट सेवा सञ्चालनमा रहेको |
| २. | युटिलिटी पेमेन्ट | निरन्तर | साकोसको सबै कार्यालयहरु मार्फत खल्टी वालेटबाट युटिलिटी भुक्तानी भैरहेको |
| ग. | सहकारी शिक्षा तथा परामर्श कार्यक्रम | | |
| १. | सदस्य शिक्षा कार्यक्रम | ५०० जना | ३४० जना |
| २. | ऋण परामर्श सेवा | ४१३ जना | १५९१ जना |
| ३. | विस्तारित मञ्च कार्यक्रम | ५० जना | १०९ जना |
| ४. | व्यवसायिक सदस्य भेला | १०० जना | |
| ५. | सम्भावित सदस्य शिक्षा | ९७५ जना | ३०८ जना |
| घ. | **पुरस्कार तथा सम्मान कार्यक्रम** | | |
| १. | उत्कृष्ट शेयर खरिद कर्ता सदस्य | १ जना | १ जना |
| २. | उत्कृष्ट व्यवसायिक सदस्य | ३ जना | ४ जना |
| ३. | जेष्ठ सदस्य | ४ जना | |
| ४. | उत्कृष्ट मासिक बचत कर्ता | ४ जना | |
| ५. | उत्कृष्ट बाल बचत कर्ता | ४ जना | |
| ६. | बेहुला बेहुली स्वागत तथा सम्मान | आवश्यकता अनुसार | १२ जना |
| ७. | नवजात शिशु तथा सुत्केरी घेटघाट | आवश्यकता अनुसार | ५६ जना |

| | | | |
|---|---|---|---|
| ८. | जन्मदिन शुभकामना | सबै सदस्य | १३९० जना |
| ५. | **सामाजिक उत्तरदायित्व सम्बन्धि योजना** | | |
| क. | रक्तदान कार्यक्रम | वर्ष को अन्त्य सम्म | नेपाल रेडक्रस र पालिकाको आयोजनामा निरन्तर कर्मचारी मार्फत योगदान |
| ख. | प्राकृतिक प्रकोप राहत कार्यक्रम | प्रकोप परेको समय | कार्यविधी तयार नभएको |
| ग. | बृक्षा रोपण तथा सार्वजनिक स्थल सफाई कार्यक्रम | चैत्र, बातावरण दिवस | |
| घ. | अष्टिम्की विशेष तथा बचत संकलन कार्यक्रम | भाद्र | स्वाबलम्वन समूहका दिदी बहिनीहरुको सहभागितामा शाहीपुरमा सम्पन्न |
| ङ. | निशुल्क स्वास्थ्य परिक्षण शिविर | मंसिर | सम्बन्धित निकाय संग समन्वय भएको तर समय अनुकुल नभएको |
| ६. | **मानव पूँजीको परिचालन तथा सुविधा सम्बन्धि योजना** | | |
| क. | कार्यक्रम सहभागिता | | साकोसको प्रतिनिधीको रुपमा कार्यक्षत्र भित्र, जिल्ला स्तर, ,छिमेकी जिल्ला, प्रदेश स्तर र संघ स्तरिय सहभागिता शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याइएको |
| ख. | बैठक भत्ता | | साकोसका स्वयम सेवक पदाधिकारीहरुका लागि तोकिए बमोजिम निरन्तर बैठक भत्ता वितरण। |
| ग. | खाजा नास्ता | | संस्थागत कार्यक्रममा सहभागिहरुको लागि जनही रु.५०/- बराबरको खाता नास्ता लागु गरिएको। |
| घ. | निरिक्षण तथा अनुगमन | | समिति, उपसमिति मार्फत गरिएका निरिक्षण तथा अनुगमन बाफत जनही प्रति दिनको रु.८००/- दैनिक भत्ता र यातायात बाफत १ लि/२० कि.मि.वितरण। |

| | | | |
|---|---|---|---|
| ङ. | सहजीकरण | | आन्तरिक सहजकर्तालाई प्रशिक्षण बाफत पारिश्रमिक निर्धारण गरिएता पनि अहिले सम्म प्रयोगमा नआएको |
| च. | सञ्चार खर्च | | सबै कार्यालयहरुमा संस्थागत सिम सेट खरिद गरि योजना मुताविक कार्यान्वयनमा रहेको । |
| छ. | पोशाक खर्च : | | संस्थामा कार्यरत कर्मचारीहरुलाई जनही तोकिए बमोजिम पोशाक खर्च वितरण । |

यस संस्थाको आ.ब. ०८२/०८३ को लक्ष्य र प्रगतिको समग्र समिक्षा गर्दा लक्ष्य अनुसार उल्लेख्य प्रगति भएको पाइयो र आ.ब. ०८३/०८४ मा प्रस्तावित नीति तथा कार्यक्रमहरु पक्कै पनि गत आ.ब भन्दा स्तरिय र राम्रो ल्याएको छु। जुन तपसिल बमोजिम प्रस्तुत गर्न चाहन्छु।

## प्रस्तावित नीति तथा कार्यक्रम २०८३/०८४

यस आर्थिक वर्ष ०८३/०८४ को लागि वार्षिक नीति तथा कार्यक्रम तपसिलको अवधारणागत क्षेत्रलाई आत्मसाथ गरी निर्माण गरिएको छ।

(१) संस्थागत वित्तिय सन्तुलन
(२) सुशासित र जवाफदेही व्यवस्थापन
(३) गतिशिल र विश्वसनिय सेवा
(४) स्रोत र साधनको समय सापेक्ष उचित परिचालन
(५) यूवा तथा बालबालिका संग सहकार्य
(६) सदस्यहरुको जिविकोपार्जनमा व्यवसायिक सक्षमता विकास
(७) नीति, विधि र प्रविधिबाट संस्था सञ्चालन
(८) उत्पादन तथा बजारीकरणमा पूँजी परिचालन
(९) संस्थागत जोखिम व्यवस्थापन
(१०) संस्थागत खर्चमा मितव्ययिता
(११) उद्यमशिलता, प्रवर्द्धन र रोजगारी श्रृजनामा लगानी
(१२) समन्वय र सहकार्य

# योजना खण्ड

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी अध्यादेश २०८२, प्रचलित नेपाल कानून साथै संस्थाको पुनर्लिखित विनियम २०७७ तथा साकोसको आधारभूत नीतिहरुको अधिनमा रही संस्थाले यस आ.व.मा देहाएका कार्यक्रमहरु गर्नेछ ।

**१. संस्थागत विकास योजना :**

**क) सदस्यता बृद्धि :**

| | |
|---|---|
| बृद्धि लक्ष्य | जनामा : ९९१जना |
| | बृद्धि प्रतिशत : १२% |
| मुख्य कार्यालय तथा सेवाकेन्द्रहरुमा लक्ष्य निर्धारण | |

**सदस्य विस्तारको रणनीतिहरु :**

| क्र स | रणनीति | निर्धारित लक्ष्य |
|---|---|---|
| १ | केन्द्रीय कार्यालय | १९८ |
| २ | बानियाभार सेवा केन्द्र | १९८ |
| ३ | उमंग सेवा केन्द्र | १९८ |
| ५ | सुर्यपटुवा सेवा केन्द्र | १९८ |
| ६ | बकुवा क्षेत्र | १०० |
| ७ | मगरागाडी क्षेत्र | १०० |
| | जम्मा | ९९२ |

साथै, स्तरिय सदस्य निर्माणका लागि तपसिल अनुसारको शिर्षकहरुमा लक्ष्य निर्धारण गरिने छ ।

**सेवा केन्द्र अनुसारको लक्ष्य निर्धारण :**

| विवरण | आधारअंक | केन्द्रीय कार्यालय | बानियाभार से.के. | उमंग से.के. | सुर्यपटुवा से.के. |
|---|---|---|---|---|---|
| नाबालक बचत कर्ता सदस्य | मौजुदा शेयर सदस्य संख्याको आधारमा | २५% | २५% | २५% | २५% |

| | | | | | |
|---|---|---|---|---|---|
| सन्तति राहत बचत कर्ता सदस्य | मौजुदा सदस्य संख्याको आधारमा | ७५% | ७५% | ७५% | ७५% |
| सक्रिय बचत कर्ता सदस्य | मौजुदा सदस्य संख्याको आधारमा | ८०% | ८०% | ८०% | ८०% |
| सरदर स्तरको शेयर धनी सदस्य (३० थान देखि बढी शेयर खरिद कर्ता) | मौजुदा सदस्य संख्याको आधारमा | ४०% | ४०% | ४०% | ४०% |
| तीन खाता सञ्चालन सदस्य संख्या | मौजुदा सदस्य संख्याको आधारमा | ३५% | ३५% | ३५% | ३५% |
| सदस्यता पहिचान फारम अद्यावधिक | मौजुदा सदस्य संख्याको आधारमा | १००% | १००% | १००% | १००% |

(मौजुदा सदस्य संख्या - आ.ब. २०८२/०८३ को असार मसान्त सम्म (८२५५) रहेको सदस्य संख्या)

**ख) भौतिक पूर्वाधार तथा कार्यालय ब्यवस्थापन :**

भौतिक पूर्वाधार तथा कार्यालय ब्यवस्थापन रणनीतिहरु :

| क्र स | रणनीति | अपेक्षित संख्या |
|---|---|---|
| १ | क्लाउड बेस सी.सी. क्यामरा जडान | ४ वटा |
| २ | केन्द्रीय कार्यालयको माथिल्लो तलामा टहरा निर्माण | १ वटा |
| ३ | ल्यापटप/प्रिन्टर खरिद/वेव क्यामरा/फिंगर प्रिन्ट स्क्यानर/सिग्नेचर प्याड | २/२/१ /१/१ थान |
| ५ | स्मार्ट डिस्प्लेय | १ थान |
| ६ | क्यामरा खरिद | १ थान |
| ७ | पानी शुद्धिकरण मेसिन (चिसो/तातो) | ४ थान |

| | | |
|---|---|---|
| ८. | चर्पी निर्माण | आवश्यकतानुसार |
| ९. | टेवल फोन सेट खरिद | ८/४ थान |
| १०. | इन्भर्टर ब्याट्री खरिद | २ थान |
| ११. | बैठक कक्ष व्यवस्थापन | १ पटक |

**ग) सूचना प्रविधीको विकास :**

**सूचना प्रविधिको विकास रणनीतिहरु :**

| क्र स | प्रविधीको नाम | कहिले सम्म गर्ने ? | के गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | मिरा नविकरण | भदौ मसान्त | नविकरण | मिरा | व्यवस्थापन |
| २ | सेवा केन्द्रमा IPS सञ्चालन | माघ मसान्त | सुचारु गर्ने | सफ्टवेयर कम्पनी | व्यवस्थापन |
| ३ | QR Service | असोज मसान्त | सुचारु गर्ने | सफ्टवेयर कम्पनी | ब्यवस्थापन |
| ४ | Bank to Coop/Coop to Bank Service | चैत्र मसान्त | सुचारु गर्ने | सफ्टवेयर कम्पनी | ब्यवस्थापन |
| ५ | लोन मोडुल सिस्टम | असोज | सुचारु गर्ने | सफ्टवेयर कम्पनी | ब्यवस्थापन |
| ६. | एच आर सिस्टम | फाल्गुन मसान्त | सुचारु गर्ने | सफ्टवेयर कम्पनी | ब्यवस्थापन |
| ७. | बल्क एस एम एस | असोज | नविकरण | सफ्टवेयर कम्पनी | ब्यवस्थापन |
| ८. | वेव साइड नविकरण | भाद्र मसान्त | नविकरण | सफ्टवेयर कम्पनी | ब्यवस्थापन |

घ) रणनैतिक व्यवसायिक योजना निर्माण : संस्थाले ४ बर्षे रणनैतिक व्यवसायिक योजना निर्माण गरी त्यसलाई वार्षिक रुपमा खण्डित गर्दै वार्षिक योजना मुताविक क्रियाकलाप अगाडी बनाउने छ।

| क्र.स | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | रणनीतिक व्यवसायिक योजना निर्माण | बैशाख मसान्त भित्र | छाता संगठन | ब्यवस्थापक, अध्यक्ष |

२. **सदस्य र संस्थाको वित्तिय क्षमता विकास योजना :**

## क) शेयर पूँजी बृद्धि

<table>
<tr><td rowspan="2">बृद्धि लक्ष्य</td><td>रुकम : रु.२८२८२९००/- मा रु.८५७२५००/- थप गरी रु.३६८५५४००/- पूऱ्याउने</td></tr>
<tr><td>बृद्धि प्रतिशत : ३०।३१%</td></tr>
</table>

**शेयर पूँजी वृद्धि रणनीति :**

| क्र स | रणनीतिहरु |
|---|---|
| १ | हरेक सदस्यले न्यूनतम ३० कित्ता वा नियमित बचतको १०% जुन बढी हुन्छ शेयर खरिद गर्नु पर्ने |
| २ | लिएको ऋणको न्यूनमत ५% शेयर पुगेको हुनु पर्ने |
| ३ | बढी शेयर लिने सदस्यलाई सम्मान गर्ने |
| ४ | हरेक पटक ऋण लिँदा ०।५% शेयर थप गर्न पर्ने |
| ५ | नयाँ सदस्यता प्राप्ति गर्दा अनिवार्य १० थान शेयर खरिद गर्नु पर्ने |

## ख) संस्थागत पूँजी बृद्धि

<table>
<tr><td rowspan="2">वृद्धि लक्ष्य</td><td>रकममा</td><td>रु.१,०७,४४,८७४।३० मा रु.५०५०२८५।७०/- बृद्धि गरी रु.१,५७,९५,१६०/-</td></tr>
<tr><td>प्रतिशतमा</td><td>४७।००%</td></tr>
</table>

**संस्थागत पूँजी वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|
| १ | ऋण लगानीमा बृद्धि गर्ने |
| २ | भाखा नाघेको ऋणलाई मापदण्ड भित्र कायम गर्ने |
| ३ | खर्च गरेर बँचेको शेयर लाभाँस, बोनस कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी शिक्षा कोष स्थानान्तरण |
| ४ | पुराना प्रयोग विहिन रहेको सम्पत्ति विक्री गरि |
| ५ | संस्थागत विकास शुल्क जगेडाकोषमा राख्ने |

## ग) बचत बृद्धि

| | |
|---|---|
| वृद्धि लक्ष्य | रु.२३,३२,४४,३८९।७१ मा रु.३७०२८३३०।२९ बृद्धि गरी रु.२७,०२,७२७२०।००पुऱ्याउने। |
| | प्रतिशतमा : १५।८७% |

**बचत निक्षेप वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|
| १ | निस्क्रिय सदस्यलाई सक्रिय बनाउने |
| २ | हरेक सदस्यलाई कम्तिमा ३ प्रकारको बचत सेवामा सहभागि गराउने |
| ३ | हरेक बचत खातामा कम्तिमा ३० प्रतिशत सदस्यहरुको सहभागिता गराउने |
| ४ | नाबालक बचत कर्ता बृद्धि गर्ने |
| ५ | ऋणी सदस्यको मासिक बचत अनिवार्य सुनिश्चित गर्ने |

**घ) ऋण लगानीमा बृद्धि**

| | |
|---|---|
| वृद्धि लक्ष्य | रकम : रु.१७४६०४८९०।४६ मा रु.९६१७७८५९।५४बृद्धि गरी रु.२७०७८२७५०।०० पुऱ्याउने। |
| | प्रतिशतमा : ५५।०८% |

**सदस्यहरुलाई ऋण लगानी वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|
| १ | नयाँ ऋणी सदस्य थप गर्ने। |
| २ | मासिक रुपमा प्रतिष्पर्धी मूल्य निर्धारण गर्ने। |
| ३ | सेवा केन्द्र स्तरिय लक्ष्य निर्धारण गर्ने। |
| ४ | वर्षका ठूला ५० ऋणी सदस्यहरुको वार्षिक भेला कार्यक्रमको अयोजना गरिनेछ। |
| ४ | उत्कृष्ठ ऋण कारोबार गर्ने सदस्यलाई सम्मान गरिनेछ। |
| ५ | बी.डी.एस. कार्यक्रममा आवद्ध भई सदस्यहरुको व्यवसायिक क्षमतामा बृद्धि गर्ने |
| ६ | ऋण लगानी सिमामा बृद्धि गर्ने। |

| | |
|---|---|
| ७ | ऋण लगानी तथा असुलीमा लक्ष्य प्राप्ति गर्ने सेवा केन्द्रलाई नगद पुरस्कार तथा सम्मान प्रदान गर्ने । |
| ८. | ऋण लगानीलाई सहज बनाउन भू-सेवा कार्यक्रम सञ्चालन गर्ने । |

**ङ) भाखा नाघेको ऋण असुली**

| | |
|---|---|
| ब्यवस्थापन लक्ष्य | रकम : रु.४४००१०२२।९३ मध्ये रु.(३०४६१८८५।४३ असुल गरी रु.१३५३९१३७।५० मा कायम गर्ने । |
| | प्रतिशतमा : (६९।२३% |

**भाखा नाघेको ऋण असुली रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|
| १ | भाखा नाघेको ऋण असुली कार्यविधी अद्यावधिक गरि कार्यान्वयन गर्ने |
| २ | ब्यवसायिक ऋणी सदस्यहरुको ऋण परामर्श कार्यक्रम सञ्चालन गर्ने |
| ३ | नियमकिय निकायको जारी निर्देशन बमोजिम असुली कार्यमा जोड दिने |
| ४ | ब्याजदर समायोजन |
| ४ | ब्याज तथा हर्जानामा छुट(रिबेट)को ब्यवस्था |
| ५ | सेवा केन्द्र स्तरिय लक्ष्य निर्धारण गरी कार्यविवरण निर्धारण गर्ने |
| ६ | नियमकिय निकायको निर्देशन बमोजिम पुनःतालिकीकरण गर्ने |
| ७ | सेवा केन्द्र स्तरिय मासिक प्रतिबेदनको आधारमा असुली कार्यमा उत्कृष्ट नतिजाका लागि पुरस्कृत तथा सम्मान गर्ने |

**च) वित्तिय लगानी**

| | |
|---|---|
| वृद्धि लक्ष्य | रकम : रु.२२१७५८०१।५६ मा रु.(९१५०५०४।५६ ले रु.१,३०,२५,२९७/- बनाउने । |
| | प्रतिशतमा : (४१।२६% |

**वित्तिय लगानी रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|

| | |
|---|---|
| १ | बैंक तथा वित्तिय संस्थाको ब्याजदर तुलना गरी लगानी गर्ने |
| २ | शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष बढी दिने संस्थामा लगानी गर्ने |
| ३ | छाता संगठनहरुमा नियमित मासिक बचत निरन्तर गर्दै जाने |
| ४ | शेयर खरिद, आवधिक बचत गर्ने |
| ४ | मासिक नियमित बचत गर्ने |
| ५ | ऋण लगानीमा बृद्धि गर्ने |

**छ) कुल सम्पत्ति बृद्धि**

| | | |
|---|---|---|
| वृद्धि लक्ष्य | रकममा | रु.२९४६०५१४७९१ मा रु.५६३९८३८२०९ ले बृद्धि गरी रु.३५१००३५३० पुऱ्याउने । |
| | प्रतिशतमा | १९।१४% |

**कुल सम्पत्ति वृद्धि रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|
| १ | लिइएको लक्ष्य अनुसार सदस्यता बृद्धि गर्ने |
| २ | लक्षित शेयर पूँजि बृद्धि योजना बनाउने |
| ३ | सक्रिय सदस्य बनाई बचत संकलनमा जोड दिने |
| ४ | संस्थागत पूजि लक्ष्य अनुसार बृद्धि गर्ने |

**ज) उद्यमशिलता तथा शिप विकास तालिम :**

| क्र. स | तलिमको नाम | वार्षिक लक्ष्य | छनोटको आधार | सहकार्य |
|---|---|---|---|---|
| १ | लघु व्यवसाय खेल तालिम | १ | समितिको निर्णय | ल्भाकअगल |

**३. संस्था सञ्चालन क्षमता विकास योजना :**

क) सञ्चालक तथा कर्मचारी क्षमता विकास कार्यक्रम :

पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम :

| क्र.स | तालिमको नाम | वार्षिक लक्ष्य | छनोटको आधार | सहकार्य |
|---|---|---|---|---|
| १ | समसामहिक गोष्ठी तथा तालिमहरु | १ | समितिको निर्णय | Nefscun & NCBL |
| २ | ब्राण्डेड सहकारी संस्था अवलोकन कार्यक्रम | १ | समितिको निर्णय | Nefscun & NCBL |
| ३ | राष्ट्रिय तथा अन्तराष्ट्रि सभा सम्मेलन | १ | समितिको निर्णय | Nefscun & NCBL |
| ४ | सहकारी व्यवस्थापन तथा प्रबर्द्धन तालिम | १ | समितिको निर्णय | nefscun |

**कर्मचारीहरूको क्षमता विकास कार्यक्रम :**

| क्र.स | तालिमको नाम | वार्षिक लक्ष्य | छनोटको आधार | सहकार्य |
|---|---|---|---|---|
| १ | मिरा पुनर्ताजगी तालिम (२ दिने) | १ | वार्षिक का.स.मू. | Nefscun & NCBL |
| २ | फिल्डबेस सहकारी प्रवर्द्धन तालिम (२ दिने) | १ | वार्षिक का.स.मू. | Nefscun & NCBL |
| ३ | बजार प्रतिनीधीहरुको दक्षता अभिबृद्धि तालिम | १ | वार्षिक का.स.मू. | Nefscun & NCBL |
| ४ | छाता संगठन तथा नियमकीय निकायले आयोजना गरेको तालिमहरुमा सहभागिता | आवश्यकता अनुसार | वार्षिक का.स.मू. | |

**ख) कर्मचारी दरबन्दी सृजना**

| | | |
|---|---|---|
| दरबन्दी सृजना | संख्या | २ (आन्तरिक) |
| | पद | व्यवस्थापक-१, सहायक अधिकृत-१ |

**थप कर्मचारी दरबन्दी पदपूर्तिको सृजना रणनीति :**

| क्र.स | रणनीतिहरु |
|---|---|
| १ | आन्तरिक प्रतिष्पर्धाबाट नियुक्त गर्ने |

**ग) सञ्चालक र कर्मचारीहरूको बैठक तथा अन्तरक्रिया**

| क्र.स. | समिति तथा उपसमिति | वार्षिक बैठक लक्ष्य | कैफियत |
|---|---|---|---|
| १ | सञ्चालक समिति | २१ पटक | मासिक |
| २. | लेखा समिति | ४ पटक | त्रैमासिक |
| ३. | पदाधिकारी बैठक | आवश्यकता अनुसार | मासिक |
| ४. | ऋण उपसमिति | आवश्यकता अनुसार | पाक्षिक |
| ५. | सेवा केन्द्र व्यवस्थापन उपसमिति | आवश्यकता अनुसार | मासिक |
| ६. | शिक्षा उपसमिति | ४ पटक | त्रैमासिक |
| ७. | केन्द्रिय साधारण सभा | १ पटक | साउन देखि असोज मसान्त भित्र |
| ८. | स्थानिय साधारण सभा | ७ स्थानमा | साउन देखि असोज मसान्त भित्र |
| ९. | कर्मचारी बैठक | १२ पटक | मासिक |
| १०. | समिक्षा बैठक | ४ पटक | त्रैमासिक |

**घ) विस्तारित मञ्चको बैठक अन्तरक्रिया**

| | | | |
|---|---|---|---|
| १. | विस्तारित मञ्च बैठक | ६ पटक | त्रैमासिक |

**४. सदस्य सेवा तथा सुरक्षा विकास योजना :**

क) सदस्य बीमा कार्यक्रम

| क्र. सं. | कार्यक्रम | कहिले गर्ने | सहकार्य | शुल्क कसेले व्यहोर्ने | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सदस्य दुर्घटना विमा कार्यक्रम (रु.२लाख) | हरेक महिना | विमा कम्पनी | संस्था आफै | लेखा तथा प्रशासन शाखा |
| २. | ऋण बीमा | ऋण प्रदान गर्ने समय | बीमा कम्पनी, सदस्य | सदस्य | लेखा तथा प्रशासन शाखा |
| ३ | सन्तति राहत कार्यक्रम | स्वर्गारोहण पश्चात | सम्बन्धित परिवार | संस्था | लेखा तथा प्रशासन शाखा |

**ख) विप्रेषण कार्यक्रम**

| क्र. सं. | कार्यक्रम | कहिले गर्ने | सहकार्य | शुल्क कसले व्यहोर्ने | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | रेमिट सेवा | नियमित | रेमिट कम्पनी | सदस्य | लेखा तथा प्रशासन शाखा |
| २ | युटिलिटी पेमेन्ट | नियमित | कम्पनी | सदस्य | लेखा तथा प्रशासन शाखा |

**ग) सहकारी शिक्षा तथा परामर्श कार्यक्रम**

| क्र. स | कार्यक्रम | कहिले सम्म | संयोजन | सहकार्य | कूल सहभागी संख्या | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| १ | सदस्य शिक्षा कार्यक्रम | वर्ष को अन्त्य सम्म | शिक्षा उप समिति | व्यवस्थापन | ५०० | ३ घण्टा |
| २. | ऋण परामर्श सेवा | वर्ष को अन्त्य सम्म | ऋण विभाग | व्यवस्थापन | १२४० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | विस्तारित मञ्च कार्यक्रम | वर्ष को अन्त्य सम्म | शिक्षा उप समिति | व्यवस्थापन | ३०० | २ घण्टा |
| ४. | सम्भावित सदस्य शिक्षा | वर्ष को अन्त्य सम्म | शिक्षा उप समिति | व्यवस्थापन | १५० | २ घण्टा |

**घ) पुरस्कार तथा सम्मान कार्यक्रम**

| क्र.स | विधा | कहिले सम्म | संयोजन | सहकार्य | कूल सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | उत्कृष्ट शेयर खरिद कर्ता सदस्य | साधारण सभा | सञ्चालक समिति | व्यवस्थापन | १ जना |
| २. | उत्कृष्ट ब्यवसायिक सदस्य | साधारण सभा | सञ्चालक समिति | व्यवस्थापन | ३ जना |
| ३. | जेष्ठ सदस्य | साधारण सभा | सञ्चालक समिति | व्यवस्थापन | ४ जना |
| ४. | उत्कृष्ट नियमित मासिक बचत कर्ता | साधारण सभा | सञ्चालक समिति | व्यवस्थापन | ४ जना |
| ५. | उत्कृष्ट बाल बचत कर्ता सदस्य | साधारण सभा | सञ्चालक समिति | व्यवस्थापन | ४ जना |
| ६. | बेहुला बेहुली स्वागत तथा सम्मान | विवाह भएको समय | सञ्चालक समिति | व्यवस्थापन | आवश्यकता अनुसार |
| ७. | नवजात शिशु तथा सुत्केरी भेटघाट | सुत्केरी भएको समय | सञ्चालक समिति | व्यवस्थापन | आवश्यकता अनुसार |
| ८. | जन्मदिन शुभकामना | जन्मदिनको अवसरमा | व्यवस्थापन | व्यवस्थापन | सबै |

**५. सामाजिक उत्तरदायित्व सम्बन्धि योजना :**

**क) बृक्षरोपण तथा सार्वजनिक स्थल सफाई कार्यक्रम**

| क्र.स | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | बृक्षा रोपण कार्यक्रम | वाताबरण दिवस | बन कार्यालय | ब्यवस्थापक |

**ख) अष्टिम्की विशेष कार्यक्रम :**

| क्र.स | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | अष्टिम्की विशेष कार्यक्रम | भाद्र | सदस्य तथा स्वाबलम्वन विकास समूह | व्यवस्थापक/ सञ्चालक समिति |

**ग) निशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन :**

| क्र.स | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | निशुल्क स्वास्थ्य परिक्षण शिविर | मंसिर | विषय विशेषज्ञ | व्यवस्थापक/ सञ्चालक समिति |

**घ) लागु औषध दुरव्यसन नियन्त्रण कार्यक्रम :**

| क्र.स | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | विद्यालयमा सचेतना कार्यक्रम (४ विद्यालयमा) | कार्तिक | विषय विशेषज्ञ | व्यवस्थापक/ सञ्चालक समिति |

**६. मानव पूँजीको परिचालन तथा सुविधा सम्बन्धि योजना :**

क) कार्यक्रम सहभागिता : सहयोगी संस्थाको कार्यक्रममा समिति उसमिति वा कर्मचारीहरु विदाको दिनमा प्रतिनिधित्व गर्दा हुने खर्च तपसिल अनुसार संस्थाले उपलब्ध गराउने छ ।

| क्र.स. | विवरण | यातायात | खाना/ छाक | आवास | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यक्षेत्र भित्र (संस्थागत प्रतिनिधित्व गर्दा) | १ लि./२० कि.मि | - | - | प्रति व्यक्ति |
| २. | जिल्ला स्तरिय कार्यक्षेत्र बाहिर | १ लि./२० कि.मि | - | - | प्रति व्यक्ति |
| ३. | छिमेकी जिल्ला | १ लि./२० कि.मि | ४०० | १५०० | प्रति व्यक्ति |
| ४. | प्रदेश स्तरिय (दांङ सम्म) | ६५००/- (एक दिवसिय) | | | प्रति व्यक्ति |

| | | | |
|---|---|---|---|
| | प्रदेश स्तरिय (दाङ अगाडी) | ८०००/- (एक दिवसिय) | प्रति व्यक्ति |
| ५. | संघ स्तरिय | १५०००/- (एक दिवसिय) | प्रति व्यक्ति |

नोट : लागत सहभागिता मुलक कार्यक्रम बाहेक संस्थाको कार्यालयिय कामले जाँदा उपरोक्त सुविधा सहित दैनिक अनुगमन भत्ता सरह दैनिक भत्ता उपलब्ध गराइनेछ ।

**ख) बैठक भत्ता**

| क्र.स | समिति/उपसमिति | संख्या | प्रतिब्यक्ति भत्तादर | करकट्टी | भुक्तानी हुने रकम |
|---|---|---|---|---|---|
| १ | सञ्चालक/लेखा समिति | १ | १२०० | ०।१५ | १०२० |
| २ | सबै उपसमिति तथा पदाधिकारी बैठक | १ | ८०० | ०।१५ | ६८० |
| ३ | वार्षिक बजेट तथा योजना तर्जूमा कार्यदल | १ | १००० | ०।१५ | ८५० |

नोट : उपरोक्त सुविधामा यातायात खर्च समेत समाबेश गरिएको छ ।

ग) **खाजा नास्ता** : संस्थाको नियमित बैठक, तालिम, गोष्ठी लगायतका कार्यक्रममा सहभागिहरुलाई जनही रु.५०/- बराबरको खाजा नास्ता उपलब्ध गरिने छ ।

घ) **निरिक्षण तथा अनुगमन** : समिति, ऋण उपसमिति मार्फत गरिएका निरिक्षण तथा अनुगमन बाफत जनही तपसिल अनुसारको सेवा सुविधा उपलब्ध गरिनेछ ।

| क्र.स. | समिति | दैनिक भत्ता |
|---|---|---|
| १. | सञ्चालक समिति | १२००/- |
| २. | लेखा समिति | १२००/- |
| ३. | ऋण उप-समिति | १२००/- |

ङ) **सञ्चार खर्च** :

संस्थामा अत्यावश्यक सूचना तथा सञ्चारका लागि सबै कार्यालयमाहरुमा संस्थाद्वारा टेबल फोन सेट खरिद गरी सञ्चालनमा ल्याइनेछ साथै संस्थाको नाममा दर्ता कायम गरिएको सिममा मात्रै सञ्चार बाफत मासिक भ्वाइस प्याक उपलब्ध गराइने छ ।

**छ) पोशाक खर्च :**

१.संस्थामा नियमित रुपमा कार्यरत स्थायी तथा अस्थायी कर्मचारीहरुलाई जनही रु.६०००/- पोशाक खर्च स्वरुप प्रदान गरिनेछ।

# सञ्चालक समितिको तर्फबाट

## कोषाध्यक्षद्वारा आ.व. २०८२/०८३ को आय व्यय विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित अनुमानित बजेट



श्री चम्पीकुमारी थारु

यस सगुन बचत तथा ऋण सहकारी संस्था लि.को गरिमामय ३० औं वार्षिक साधारण सभाको बन्द सत्रका सभापति ज्यू, सञ्चालक समितिको सदस्य ज्यूहरु, लेखा सुपरिबेक्षण समितिको संयोजक ज्यू, तथा सदस्य ज्यूहरु, विभिन्न उप समितिको पदाधिकारी लगायत सदस्य ज्यूहरु कर्मचारी साथीहरु र ३०औं वार्षिक साधारण सभामा पाल्नु हुने आदरणिय शेयर सदस्य ज्यूहरु म कोषाध्यक्षको तर्फबाट र सगुन साकोसको तर्फबाट सहकारी अभिवादन ।

